# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०३ अंक - ३०, २०८२ चैत

**महासंघको परिचय:**

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता सँगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार सँगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम सञ्चालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाका दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौं, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक - ३०, २०८२ चैत


## यस अंक भित्र:


**विषय-सूची** **पेज**

१. भरतपुरमा २ महिने नेपाली साङ्केतिक भाषा दोभाषे तालिम सुरु - २
२. यौन तथा प्रजनन स्वास्थ्य अधिकारबारे नागरिक समाजसंग समन्वय बैठक - ३
३. वित्तीय साक्षरता तालिम - ४
४. शेयर बजार सम्बन्धी तालिम - ४

**प्रकाशित समाचारबाट**

५. नबोली चल्ने रेस्टुरेन्ट : अमृत र हेमराजको सफलताको कथा - ६


### १. भरतपुरमा २ महिने नेपाली साङ्केतिक भाषा तालिम सुरु

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट काठमाण्डौं महानगरपालिका मार्फत राष्ट्रिय बहिरा महासंघ नेपाललाई प्राप्त हुने अनुदान सहयोगमा २ महिने आधारभूत नेपाली साङ्केतिक भाषा तालिम मिति २०८२ चैत्र १२ गते देखि भरतपुर, चितवनमा आरम्भ भएको छ । तालिममा १४ जिल्लाका १० जना महिला र ४ जना पुरुष गरी जम्मा १४ जना सहभागी रहेका छन् ।




*सहभागीहरुमाझ सामुहिक तस्बिर लिदै*

भरतपुर महानगरपालिका वडा नं. ७ का कार्यवाहक अध्यक्ष रिता दर्जीको प्रमुख आतिथ्यता र राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष के.सी.को अध्यक्षतामा तालिम समुद्घाटन कार्यक्रम सम्पन्न भएको थियो । प्रमुख अतिथि रिता दर्जीले बहिरा समुदायको पहुँच अभिवृद्धिका लागि साङ्केतिक भाषाको महत्त्वपूर्ण भूमिका रहेको बताउँदै यस्ता तालिमले समावेशी समाज निर्माणमा टेवा पुऱ्याउने बिश्वास ब्यक्त गर्नुभएको थियो । महासंघका अध्यक्ष सन्तोष के.सी.ले तालिमको उद्देश्य, संरचना र अपेक्षित उपलब्धिबारे जानकारी दिनुभएको थियो । कृष्ण गजुरेल तालिमका प्रमुख प्रशिक्षक रहनुभएको छ ।




*मन्तव्य राख्नुहुदै महासंघका अध्यक्ष सन्तोष के.सी.*

तालिमबाट साङ्केतिक भाषाका दोभाषे उत्पादन गर्ने एवं देशको बिभिन्न स्थानमा रहेका बहिरा नागरिकहरुको आवश्यकता अनुसार दोभाषे सेवा प्रदान गर्ने र सामाजिक समावेशिता बढाउने उद्देश्यले तालिम कार्यक्रम संचालन गरिएको हो ।

- कालिका एफ एमबाट साभार गरिएको भिडियो यहाँ हेर्नुहोस् ।
- पारदर्शी अनलाइनबाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस् ।

## २. यौन तथा प्रजनन स्वास्थ्य अधिकारबारे नागरिक समाजसंग समन्वय बैठक

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा श्रवणदृष्टि विहीन अभिभावक समाज, अपाङ्गता भएका महिलाहरुको महासंघ नेपाल र नेत्रहीन युवा संघ नेपालको सहकार्यमा "यौन तथा प्रजनन स्वास्थ्य अधिकारका बिषयमा नागरिक समाजका संस्थासंग समन्वय बैठक" मिति २०८२ चैत्र ८ गते काठमाण्डौंमा सम्पन्न भएको थियो । बैठकमा नागरिक युवा, सिविन-नेपाल, United Nations Population Fund, Yuwa, Ypeer Nepal, HR Alliance Nepal, Yuwalaya, Visible Impact, Nepal Human Right Organization, Marie Stopes International Nepal, Forum for Women, Law and Development लगायतका संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । नागरिक समाजका विभिन्न संघसंस्थाका प्रतिनिधिहरु सहित ३२ जनाको सहभागिता रहेको कार्यक्रममा नागरिक संस्थाहरुबाट अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकार (SRHR) का क्षेत्रमा भएका कार्यहरु, चुनौती, उपलब्धि, अपाङ्गता भएका समुदायमाथि हुने गरेका यौनजन्य हिंसा, मिथक, सुचना तथा संचारमा पहुँचको अभाव, कानुनी, नीतिगत र संरचनागत कमजोरी लगायतका बिषयमा छलफल गरिएको थियो ।



कार्यक्रमको क्रममा



सहभागीले जिज्ञासा राख्दै

बैठकमा क्षमता विकास, डिजिटल पहुँच, अभिभावक सचेतना, नीतिगत तथा व्यवहारिक संयुक्त प्रयास अपरिहार्यता औंल्याउदै भविष्यमा आपसी सहकार्यका सम्भावनाबारे छलफल गरिएको थियो । बैठकको समापनमा राष्ट्रिय बहिरा महासंघका अध्यक्ष सन्तोष के. सी. ले नीतिगत संशोधनका लागि नियमित रूपमा संयुक्त वकालत गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभएको थियो ।

- समता प्रेसबाट साभार गरिएको समाचार यहाँ हेर्नुहोस् ।

## ३. वित्तीय साक्षरता तालिम

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा सांग्रीला विकास बैंकको सहकार्यमा ५० जना बहिरा युवाहरूलाई वित्तीय साक्षरता तालिम मिति २०८२ चैत ७ गते काठमाडौंमा सम्पन्न भएको थियो । तालिममा बैंकिङ सेवा, बचत योजनाहरू तथा व्यक्तिगत वित्तीय व्यवस्थापन सम्बन्धी ज्ञान र सीप, आयआर्जन पश्चाप खर्च सन्तुलन गर्ने, नियमित बचत गर्ने बानी विकास गर्ने तथा भविष्यका लागि आर्थिक योजना निर्माण सम्बन्धि विषयमा तालिम प्रदान गरिएको थियो।



*प्रशिक्षकद्धारा प्रशिक्षण दिदै,*

तालिममा सहभागीहरूले वित्तीय साक्षरतामा आफ्नो पहुँच न्युन भएको जनाउदै तालिम निकै फलदायी भएको जनाएका थिए । कार्यक्रमको समापनमा महासंघका अध्यक्ष सन्तोष के.सी.ले आगामी दिनमा यस्ता थप तालिमहरू आयोजना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।



*सामुहिक सहभागीहरुको तस्बिर,*

- वित्तीय साक्षरता तालिमका युटुब यहाँ हेर्नुहोस्।

## ४. शेयर बजार सम्बन्धी तालिम

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा नबिल बैंक र Financial Literacy Nepal को सहकार्यमा मिति २०८२ चैत २१ गते ६२ जना बहिरा युवाहरूलाई शेयर बजार सम्बन्धी तालिम काठमाण्डौंमा सम्पन्न भएको थियो। तालिममा सहभागीहरूलाई शेयर बजार, SIP (Systematic Investment Plan), Munual Fund, सुरक्षित लगानी कसरी गर्ने, जोखिम व्यवस्थापन गर्ने तथा दीर्घकालीन वित्तीय योजना बनाउने सम्बन्धी आधारभूत ज्ञान तथा सीप प्रदान गरिएको थियो। उत्साहित सहभागीहरूले तालिमले शेयर बजार सम्बन्धी स्पष्ट जानकारी पाएको बताएका थिए । तालिम समापनमा महासंघका महासचिव सिताराम ओझाले आगामी दिनमा यस्ता थप तालिमहरू आयोजना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।



*प्रशिक्षकद्धारा प्रशिक्षण दिदै,*



*सामुहिक सहभागीहरुको तस्बिर,*

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक - ३०, २०८२ चैत

## प्रकाशित समाचारबाट

### ५. नबोली चल्ने रेस्टुरेन्ट : अमृत र हेमराजको सफलताको कथा

म्याग्दीको बेनी नगरपालिका-४ सिंगाको पौडेल चोकमा 'रेस्टुरेन्ट' व्यवसाय सञ्चालन गरेर श्रवण क्षमता नभएका बागलुङका ३५ वर्षीय अमृत र ४२ वर्षीय हेमराजले अपांगता भएका व्यक्तिले व्यवसाय संचालन गरेर आत्मनिर्भर बन्न सक्छन भन्ने उदाहरण प्रस्तुत गरेका छन् । नाता पर्ने अमृत र हेमराजले सिंगाको पौडेल चोकमा संयुक्त रूपमा ‘साङ्केतिक भाषा खाजा घर’ सञ्चालन गरेका छन् ।

जन्मजात सुनाई सम्बन्धी अपाङ्गता शर्माद्वय साङ्केतिक भाषा र शब्द लेखेर उपभोक्ताहरूसँग संवाद गर्छन् । चिया, खाजा, जेरी, तरकारी, सिजनमा अरिङ्गाल, माछा, मासु र खानाका परिकार उनीहरू आफैँ तयार पार्छन् । टाढाबाट आउने ग्राहकहरूले मोबाइलमा सन्देश पठाएर खाना तथा खाजाका परिकार ‘अर्डर’ गर्छन् । सामाजिक सञ्जालमा भिडियो कल गरेर पनि साङ्केतिक भाषामा ग्राहकले कुराकानी गर्छन् । दैनिक पाँच हजारको हाराहारीमा व्यापार गर्ने शर्माद्वयले उक्त आम्दानीबाट व्यवसायलाई निरन्तरता दिनुका साथै घरव्यवहार चलाएको बताए । दसैँ, तिहार र चाडपर्वको समयमा व्यापार अलि बढी हुन्छ । पौडेलचोकका यादवप्रसाद पौडेलले अमृत र हेमराजले हातमा सीप र व्यावसायिक कला तथा साहस हुने हो भने शारीरिक प्रतिकूलताका बाबजुद आत्मनिर्भर र स्वरोजगार बन्न सकिने सन्देश दिएको बताए ।

हाल भाडाको घरमा व्यवसाय गर्दै आएका उनीहरूले व्यवसाय विस्तार गर्दै लैजाने योजना बनाएका छन् । पुँजीको अभाव र सबै ग्राहकहरूले सांकेतिक भाषा नबुझ्नु उनीहरूका लागि व्यवसायमा चुनौती बनेको छ ।

रातोपाटी समाचारबाट साभार गरिएको यहाँ हेर्नुहोस् ।

---

**हाम्रा साझेदार संस्थाहरु :-**




**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

